रेडक्रस
नेरेसो
समाचारप्रधान मासिक पत्रिका

वर्ष ५५, अंक ६ | २०८० माघ | Jan/Feb 2024

# कानून निर्माण समितिको पहिलो बैठक सम्पन्न





काठमाडौं, माघ १५ गते । नेपाल रेडक्रस सोसाइटीको कानून निर्माणसम्बन्धी पहिलो बैठक महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा माननीय मन्त्री सुरेन्द्रराज आचार्यको अध्यक्षतामा बस्यो । प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको आदेशानुसार नेपाल रेडक्रस सोसाइटीको कानून निर्माण गर्न महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाज कल्याण तथा संघ संस्था समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा गठित रेडक्रस कानून निर्माण समितिको पहिलो बैठक सम्पन्न भएको छ । सो बैठकमा माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, सम्बन्धित मन्त्रालयका सहसचिवज्यू, उपसचिवज्यूलगायत अधिकृतज्यूहरूको उपस्थिति रहेको थियो ।

बैठकमा नेपाल रेडक्रस सोसाइटीको छुट्टै कानून निर्माण गर्ने सैद्धान्तिक सहमति भयो । नेपाल रेडक्रस सोसाइटीको कार्यक्षेत्र, अन्तर्राष्ट्रिय मापदण्ड र रेडक्रस अभियानको मर्मलाई आत्मसात गरी नेपालको सन्दर्भमा उपयुक्त मन्त्रालयको अगुवाईमा रेडक्रस कानून निर्माणका लागि द्रुत गतिमा कार्य अगाडि बढाउने निर्णय भयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपाल, महामन्त्री भूपतिलाल श्रेष्ठ, उपमहामन्त्री मनोजकुमार थापा, केन्द्रीय सदस्यद्वय विनोदकुमार बस्नेत र नारायण तिमिल्सिना र कानूनी सल्लाहकार बिजय दाहाललगायत उच्चपदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# विधान संशोधनका लागि सुझाव तथा राय सङ्कलन कार्यशाला सम्पन्न

काठमाडौं, माघ । नेपाल रेडक्रस सोसाइटीको विधान २०२० (सत्रौं संशोधन २०७५ सहित) को अठारौं संशोधनको लागि प्रदेश समिति र जिल्ला कार्यसमितिका प्रतिनिधिहरूको सुझाव तथा राय सङ्कलन गर्ने उद्देश्यले सबै प्रदेशस्तरीय कार्यशालाहरू सम्पन्न भएका छन् ।

कोशी र मधेश प्रदेशस्तरीय कार्यशाला माघको २० र २१ गते सुनसरीको इटहरीमा सम्पन्न भएको छ । कार्यशालामा दुवै प्रदेशका गरी २१ जिल्लाका पदाधिकारी तथा प्रतिनिधिहरू, सुनसरी जिल्लाका युवा रेडक्रस सर्कलका सदस्य, प्रदेश कार्यसमितिका पदाधिकारी, कोशी र मधेश प्रदेशमा गृह जिल्ला रहेका केन्द्रीय कार्यसमितिका सदस्यहरू, केन्द्रीय पदाधिकारी र सचिवालय गरी ५५ जनाको सहभागिता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले उद्घाटन गर्नुभएको सो कार्यशालाको उद्घाटन सत्रमा अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपाल, उपाध्यक्ष राधा नेपाली, महामन्त्री भूपतिलाल श्रेष्ठ, कोषाध्यक्ष वीरबहादुर बस्नेत र उपमहामन्त्री एवम् विधान संशोधन सुझाव समितिका संयोजक मनोजकुमार थापासमेतले विधान संशोधनको आवश्यकता र औचित्यका सम्बन्धमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।



यस्तै बागमती र गण्डकी प्रदेशस्तरीय कार्यशाला माघ २४ र २५ गते चितवनको सौराहामा र लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश स्तरीय कार्यशाला माघको २७ र २८ गते बाँकेको नेपालगञ्जमा सम्पन्न भएको छ ।

बागमती र गण्डकी प्रदेश स्तरीय कार्यशालामा २२ जिल्लाका पदाधिकारी तथा प्रतिनिधिहरू र प्रदेश कार्यसमितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो भने लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश स्तरीय कार्यशालामा तीन वटै प्रदेशका २९ जिल्लाका पदाधिकारी तथा प्रतिनिधिहरू र प्रदेश कार्यसमितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

उक्त विधान संशोधनसम्बन्धी कार्यशालाहरूमा राज्यको सङ्घीय संरचना, संस्थागत कार्यानुभव, आईसीआरसी र आईएफआरसीको संयुक्त विधान आयोगको सुझावहरू र केन्द्रीय महाधिवेशनका निर्णयहरूसमेतलाई ध्यानमा राखी विधान संशोधनको मस्यौदा तीन महले खाकामा र भावी सङ्गठनात्मक संरचना (केन्द्र, प्रदेश र जिल्ला) पालिका शाखा तथा तह, निर्वाचन कार्यविधि र प्रणाली, समावेशीकरण र सञ्चालन र व्यवस्थापन लगायतका विषयमा समूहगत कार्य, प्रस्तुति र अन्तर्क्रियात्मक छलफल गरिएको थियो ।

# सम्पादकीय

## "स्थानीय स्रोत र प्रविधिको समेत प्रयोग गरी भूकम्प थेग्ने संरचना बनाऔं"

वि. सं. १९९० सालको महाभूकम्प गएको दिन पारेर भूकम्पीय सुरक्षाका बारेमा सचेतना र संकल्पका साथ भूकम्प सुरक्षा दिवस मनाउन थालिएको २६ वर्ष भइसकेको छ। हरेक वर्ष झैं यसवर्ष माघ २ गते "स्थानीय स्रोत र प्रविधिको समेत प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं" भन्ने मूल नाराका साथ २६ औं भूकम्प सुरक्षा दिवस देशव्यापी रूपमा मनाइएको छ ।

भूकम्प सुरक्षित संरचना निर्माण गरेर भूकम्पबाट हुने जोखिम न्यून गर्ने प्रतिवद्धताका साथ मनाइने यस दिवसमा हरेक वर्ष तय गरिने मूल नाराहरूले भूकम्पीय सुरक्षाका विभिन्न उपायहरूका बारे महत्वपूर्ण सन्देशहरू दिँदै आएको छ। विगत दुई वर्षका भूकम्प दिवसहरूमा क्रमशः "भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार" र "भूकम्पीय सचेतना, सुरक्षित संरचना" भन्ने मूल नाराहरू रहेका थिए। यस वर्षको नाराले स्थानीय स्रोत र प्रविधिहरूको समेत प्रयोगमा विशेष जोड दिँदै यसको प्रयोग गरी भूकम्प थेग्ने संरचना बनाऔं भन्ने सन्देश दिएको छ। भूकम्प दिवसका मूल नाराहरूले दिने ज्ञानमूलक, सचेतानामूक र सुरक्षात्मक उपायहरूसम्बन्धी सन्देशहरू र यसलाई मनन् गरी सोही अनुरूप गरिने व्यवहारिक एवं प्रविधि सम्मत गतिविधि र व्यवहारले भूकम्पका कारण हुन सक्ने धन, जन र भौतिक सम्पत्तिको अकल्पनीय क्षति न्यूनीकरणमा अवश्य पनि सहयोग पुगेको छ। तर भूकम्प उत्थानशील समाज निर्माण अर्थात् भूकम्पबाट पूर्ण रूपमा सुरक्षित समाज निर्माण गर्न अझ धेरै गर्न बाँकी छ भन्ने देखिन्छ । यसैवर्ष असोजमा बझाङमा र कात्तिकमा जाजरकोटलाई केन्द्रबिन्दु बनाएर गएका मध्यमस्तरका दुई वटा भूकम्पले पुर्‍याएको धनजन र भौतिक सम्पत्तिको नोक्सानीले पनि यही अवस्था देखाएको छ। अझै पनि व्यक्तिगत घर, अस्पताल, विद्यालय, सरकारी कार्यालय, सुरक्षा निकायका भवनहरू भूकम्प थेग्ने खालका रहेनछन् र जसका कारण मध्यम स्तरको भूकम्प आउँदा पनि यसै वर्ष मात्र १५५ जनाले ज्यान गुमाउनु परेको अवस्था हाम्रो सामु छ ।

भूकम्प सुरक्षित संरचना बनाएर मात्र भूकम्पबाट बच्न सकिन्छ। तर भूकम्प प्रतिरोधी संरचना भन्ने वित्तिकै हामी धेरैले कंक्रिट, सिमेण्ट, रड, फलाम र ढलान प्रयोग गरी बनाएका घरहरू मात्र सुरक्षित हुन्छन् भन्ने बुझाइ समाजमा व्यप्त रहेको पाइन्छ। तर ढुंगा, काठलगायत स्थानीय सामग्री, ज्ञान, सीप र प्रविधिको प्रयोग गरेर पनि सुरक्षित घर बनाउन सकिन्छ भन्ने पक्षलाई अझ बढी बुझाउनुपर्ने देखिन्छ । हालै गएका भूकम्पबाट क्षति भएका घरहरू हेर्दा खोलाबाट ल्याइएका गोला ढुंगाहरू, माटोका जोडाइ रहेका घरहरू र बन्धन, नश नराखी बनाइएका घरहरूमा बढी क्षति भएको देखिन्छ। त्यही गोलो ढुंगालाई पनि ताछेर, त्यसमा नश, बन्धन राखेर काठ र बाँस प्रयोग गरेर पनि बलियो घर बनाउन सकिन्छ भन्ने कुरा नेपालकै अनुभवले पनि बताएको छ। भूकम्पीय सुरक्षाका दृष्टिले घर, भवनहरू निर्माण गर्दा स्थानीय रूपमै उपलब्ध स्रोत, साधनका साथै उपयुक्त व्यवहारिक ज्ञान, प्रविधि र सीपको प्रयोगलाई देशका कुनाकुनासम्म पुर्‍याउन अझ बढी आवश्यक छ र यसका लागि पर्याप्त मात्रामा प्रचारप्रसार र प्रदर्शनीका कार्यक्रमहरू सञ्चालन गर्नु अपरिहार्य देखिन्छ। यसका लागि सबै तहका सरकार एवं भूकम्पीय सुरक्षाका क्षेत्रमा कार्य गरिरहेका रेडक्रसलगायतका सम्बद्ध सबै निकायहरू बीचको आपसी समन्वय, सहयोग, सहकार्य र साझेदारीलाई आगामी दिनमा अझ प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक देखिन्छ। ●

प्रधान सम्पादक : भूपतिलाल श्रेष्ठ
कार्यकारी सम्पादक : बिपुल न्यौपाने
सहायक सम्पादक : नरेन्द्र श्रेष्ठ

## कर्मचारी सेवा नियमाली संशोधनसम्बन्धी कार्यशाला सम्पन्न

काठमाडौं, माघ ९ गते। नेपाल रेडक्रस सोसाइटीको मौजुदा कर्मचारी सेवा नियमावली संशोधनका क्रममा सोसाइटीको केन्द्रीय कार्यालयमा एक कार्यशाला बैठक सम्पन्न भएको छ।


नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा सञ्चालित सो बैठकमा उपाध्यक्ष सुरेन्द्र सिंह ऐर, महामन्त्री भूपतिलाल श्रेष्ठ र केन्द्रीय सदस्य एवं नेपाल रेडक्रस सोसाइटी कर्मचारी सेवा नियमावली संशोधन समितिका संयोजक विष्णुराज नेपालको उपस्थिति रहेको थियो।

नेपाल रेडक्रस सोसाइटीको कर्मचारी सेवा नियमावली संशोधनका लागि नेपाल सरकारका पूर्व गृह सचिव जनार्दन नेपाल र पूर्व सचिव महेन्द्रप्रसाद गुरागाँई विज्ञको रूपमा कार्यशालामा उपस्थित हुनुहुन्थ्यो। कार्यशालामा नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक, कानुनी सल्लाहकार लगायतका उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो। ●

## नेपालमा प्रत्येक वर्ष २० हजार क्यान्सरका नयाँ बिरामी थपिन्छन्

नेपालमा कुल मृत्युको ११.११ प्रतिशत मानिसको मृत्यु क्यान्सरले हुने गरेको एक अध्ययनले देखाएको छ। फेब्रुवरी ४ का दिन विश्व क्यान्सर दिवस मनाउने गरिन्छ। विश्व क्यान्सर दिवसको अवसरमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले महाशाखामा कार्यपत्र प्रस्तुत गर्दै नेपालमा ११.११ प्रतिशत मानिसको मृत्युको कारण क्यान्सर बनेको जानकारी दिनुभएको हो।

नेपालमा ४० प्रतिशतभन्दा बढी मृत्यु फोक्सोको क्यान्सर र पाठेघरको मुखको क्यान्सरले गर्दा हुन्छ। डा. मरासिनीका अनुसार नेपालमा प्रत्येक वर्ष करिब २० हजारभन्दा बढी क्यान्सरका नयाँ बिरामी थपिने गर्छन् । सन् २०२० मा १६ हजार ६२९ जनाको मृत्यु भएको थियो। विश्वको तथ्यांकअनुसार प्रत्येक ६ जनामा एक जनाको मृत्यु क्यान्सरकै कारण हुने गरेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार एक वर्षमा विश्वमा दुई करोड क्यान्सरका नयाँ बिरामी थपिने गर्छन्। नेपालमा सबैभन्दा बढी देखिएको क्यान्सरमा फोक्सो, पाठेघरको मुख, स्तन, आमाशय (पेट) र आन्द्राको क्यान्सर रहेका छन्। ●




● विश्वले दुःख भोग्नुको कारण खराब मानिसको आतंक नभइ असल मानिसहरूको मौनता हो । – नेपोलियन वोनापार्ट

# विश्व वन्यजन्तु कोष र रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ बीच साझेदारीको सुरुआत

नेपालमा जलवायु परिवर्तनका असरलाई प्रकृतिमा आधारित समाधान गर्नका लागि विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको महासङ्घ (आईएफआरसी) बीच साझेदारीको सुरुआत गरिएको छ।

माघ २४ गते काठमाडौंमा आयोजित एक समारोहमा दुई संस्थाविच साझेदारीका लागि सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ। कार्यक्रममा डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले जलवायु सङ्कटको सामना गर्न वन्यजन्तु र जैविक विविधताको संरक्षण आवश्यक रहेकोमा जोड दिँदै यसले मानिस र प्रकृतिको भविष्यसमेत सुनिश्चित रहने धारणा व्यक्त गर्नुभयो।

नेपालस्थित आईएफआरसीका नेपालस्थित प्रतिनिधिमण्डल प्रमुख अजमत उल्लाले जलवायु सङ्कटको सामना गर्न जैविक विविधता र वन्यजन्तुको संरक्षण आवश्यक रहेको उल्लेख गर्दै यसले भावी पुस्तालाई दिगो बनाउन महत्वपूर्ण हुने बताउनुभयो।

नेपालका लागि फिनल्याण्डका राजदूत रिना रिक्का हेइकाले जलवायु परिवर्तले निम्त्याएका जोखिमलाई कम गर्न सामूहिक रुपमा मिलेर काम गर्न आग्रह गर्नुभयो।

नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले कार्यक्रमलाई सम्बोधन गर्दै जलवायु परिवर्तले निम्त्याएका विपद्लाई न्यूनीकरण गर्न सोसाइटीले कार्ययोजना बनाइ काम गरिरहेको जानकारी दिनुभयो। डब्लुडब्लुएफ नेपाल र आईएफआरसीबीचको साझेदारी र










संयुक्त विशेषज्ञताले नेपालमा भइरहेको जलवायु सङ्कट, उदयीमान जोखिम, र सामाजिक चुनौती सम्बोधन गर्न योगदान हुने विश्वास गरिएको छ। दुबै संस्थाले सरकार, साझेदार निकाय, विकास साझेदार र निजी क्षेत्रसँगको स्थानीय कार्य र सहयोगमार्फत् जलवायु अनुकूलन रणनीति कार्यान्वयन गरी प्रभाव कम गर्ने लक्ष्य राखेका छन्। डब्लुडब्लुएफ वन्यजन्तु र वातावरण संरक्षणका क्षेत्रमा कार्यरत सन् १९६१ मा स्थापना भएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो भने आईएफआरसी १९१ राष्ट्रिय सोसाइटीमार्फत् एक करोड ६० लाखभन्दा बढी संकटासन्न जनतामा पुग्ने विश्वको ठूलो मानवीय सहायता सञ्जाल हो।



आपत्कालीन र अन्य समयमा रेडक्रसबाट सहयोग र सल्लाह पाउनका लागि सम्पर्क गर्नुहोस्।

यो नम्बरमा नेपाल टेलिकम र एनसेलबाट फोन गर्दा पैसा लाग्दैन।

११३०

नेपाल रेडक्रस सोसाइटी



रक्तदान गर्नुहोस् ताकि अन्य मानिसहरूलाई पनि त्यसो गर्न प्रोत्साहन मिलोस्।

# भूकम्प प्रतिकार्यसम्बन्धी गतिविधिहरू

## नगद तथा भौचर सहायता अभिमुखीकरण

सुर्खेत, माघ १२ गते। नेपाल रेडक्रस सोसाइटी विपद् व्यवस्थापन विभागको समन्वय र ब्रिटिश रेडक्रसको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयको आयोजनामा सुर्खेतको वीरेन्द्रनगरमा नगद तथा भौचर सहायता अभिमूखीकरण एवं क्षमता मापन कार्यशाला सम्पन्न भएको छ।

उक्त कार्यशालामा कर्णाली, लुम्बिनी र सुदुरपश्चिम प्रदेशका गरी २६ जनाको सहभागिता रहेको थियो। कार्यशालामा सहभागीहरूलाई नगद वितरणको अवधारणा, नगद संभाव्यता, बजार विश्लेषण, नगद बितरण विधिहरू र बितरण संयन्त्र, नगद वितरणका पूर्वशर्त, जोखिम पहिचान र अनुगमन, जिल्लाको क्षमता नक्शांकन, नगद तथा भौचर कार्य सञ्चालन कार्यविधि र नगद वितरण दिशानिर्देशिका बारेमा अभिमुखीकरण गरिएको थियो।

## संयुक्त अनुगमन भ्रमण सम्पन्न

नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाद्वारा सञ्चालित भूकम्प प्रतिकार्य कार्यक्रम अन्तर्गत सानीभेरी गाउँपालिका ४ मा जिल्लास्थित विभिन्न सरोकारवाला निकायहरूको



उपस्थितिमा संयुक्त अनुगमन भ्रमण सम्पन्न भएको छ। भ्रमणका क्रममा कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भइसकेका अस्थायी आवास, शौचालय तथा हात धुने स्थानको स्थलगत अवलोकन गरिनुका साथै लाभग्राहीहरूसँग बहुउद्देश्यीय नगदको उपयोगिताको सम्बन्धमा छलफल समेत गरिएको थियो।

उक्त भ्रमणमा जिल्ला समन्वय समिति प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित ३ वटा सुरक्षा निकायका प्रमुखहरू, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमिति सदस्य, नेरेसो रुकुम पश्चिम जिल्ला शाखा सभापति तथा परियोजना अन्तर्गतका कर्मचारीहरूको उपस्थिति रहेको थियो। संयुक्त अनुगमन भ्रमण टोलीले प्राविधिकको अन्तिम मुल्यांकन र सिफारिसको आधारमा लाभग्राहीहरूलाई अस्थायी आवासको अन्तिम किस्ता वापतको रकम यथाशिघ्र निकासा गर्नका लागि सुझाव प्रदान गर्नुभएको थियो।

यस्तै त्रिवेणी गाउँपालिका ९ र १० मा निर्माण सम्पन्न भएका अस्थायी आवास, शौचालय र हात धुने धाराको संयुक्त अनुगमन भ्रमण गाउँपालिकाका अध्यक्ष, जिल्ला समन्वय समिति सदस्य, प्रमुख प्रशासकीय अधिकृत, सम्वन्धित वडाका वडा अध्यक्ष तथा परियोजनाका कर्मचारीहरूको उपस्थितिमा सम्पन्न भएको थियो।

## अस्थायी आवाससँगै शौचालय निर्माण

बझाङ जिल्लामा १ सय १५ वटा अस्थायी आवासको निर्माण कार्य सम्पन्न भएको छ। आवाससँगै शौचालय पनि निर्माण गरिएको छ। नेपाल रेडक्रस सोसाइटी बझाङ जिल्ला शाखाबाट सञ्चालित भूकम्प प्रतिकार्य कार्यक्रममार्फत् अस्थायी आवास र शौचालय निर्माण गरिएको हो।



नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वयमा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) र रेडक्रसका साझेदार सोसाइटीहरूको सहयोगमा बझाङ जिल्लामा भूकम्प प्रतिकार्य कार्यक्रम सञ्चालन भइरहेको छ। भूकम्प पश्चात् जिल्ला विपद् व्यवस्थापन समिति बझाङको बैठकबाट नेपाल रेडक्रसलाई राहात र उद्धारका लागि कार्य क्षेत्र तोकिए बमोजिम कार्यक्रम सञ्चालन भएको हो।

जिल्लाको छबिसपाथिभेरा गाउँपालिका, जयपृथ्वी नगरपालिका ३ र ११ मा साथै तलकोट गाउँपालिकामा भूकम्प प्रतिकार्य कार्यक्रम सञ्चालन भइरहेको छ। कार्यक्रम मार्फत् नेपाल रेडक्रस सोसाइटीले प्रभावितहरूका लागि अस्थायी आवास र शौचालयसँगै खानेपानी ट्यांकी पनि सहयोग गरेको छ। यस्तै जिल्लाका ३ सय भूकम्प प्रभावित परिवारलाई वहुउद्देश्यीय सहयोग स्वरूप १५ हजार नगद पनि वितरण गरिएको छ।

तोकिएका स्थानहरूमा १ सय २५ अस्थायी आवास निर्माण गर्नुपर्नेमा १ सय १५ वटा अस्थायी आवासको निर्माण सकिएको बझाङ जिल्ला शाखा सभापति रामदत्त उपाध्यायले बताउनुभयो। जिल्लाका ८ सय ४३ प्रभावित परिवारलाई त्रिपाल र कम्बल, ३ सय ७ परिवारलाई म्याट्रेस र १ सय ८७ परिवालाई डोरी वितरण गरिएको छ।

भूकम्प प्रतिकार्य कार्यक्रममार्फत जिल्लामा सञ्चालित गतिविधिहरूको अनुगमन पनि गरिएको छ। कार्यक्रम सञ्चालित वडाका अध्यक्ष, जिल्लाका शाखाका सभापति, मन्त्री, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका टोली, भूकम्प प्रतिकार्य कार्यक्रमका जिल्ला संयोजक तथा कर्मचारीहरूको टोलीले स्थलगत अनुगमन गरेको हो।

**बाजुरा**। नेपाल रेडक्रस सोसाइटीको सहयोगमा बाजुरा जिल्लामा ५३ वटा अस्थायी आवास निर्माण सम्पन्न भएका छन्। नेपाल रेडक्रस सोसाइटीले भूकम्प प्रभावितहरूका लागि अस्थायी आवास निर्माणसँगै शौचालय निर्माण र खानेपानीको ट्यांकी पनि सहयोग गरेको छ। अन्य बाँकी अस्थायी आवास निर्माण कार्य पनि तिव्ररूपमा अगाडि बढेको बाजुरा जिल्ला शाखाले जनाएको छ। जिल्लाका सरोकारवालाको समन्वयमा बाजुरा जिल्लामा नेपाल रेडक्रस सोसाइटीले रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र साझेदार सोसाइटीहरूको सहयोगमा भूकम्प प्रभावित १२५ परिवारलाई सहयोग गरिरहेको छ। प्रत्येक परिवारलाई वहुउद्देश्यीय सहयोग रकम रु. १५ हजारका दरले वितरण गरिसकेको छ भने स्वास्थ्य तथा सरसफाइ, सामुदायिक संलग्नता तथा जवाफदेहिता र लैङ्गिक समावेशीकरणलगातयका विषयमा स्वयंसेवक परिचालन गरी समुदाय स्तरमा सचेतनाका कार्यहरू भइरहेको बाजुरा जिल्ला शाखाले जनाएको छ।

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

# २६औं भूकम्प सुरक्षा दिवस विविध कार्यक्रमका साथ सम्पन्न






काठमाडौं, माघ २ गते । २६औं भूकम्प सुरक्षा दिवस "स्थानीय स्रोत र प्रविधिको समेत प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं" भन्ने नाराका साथ आज देशव्यापी रूपमा मनाइएको छ ।

यसै अवसरमा दिवसको मूल समारोह प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यतामा चन्द्रागिरी नगरपालिकास्थित नैकाप खेलमैदानमा सम्पन्न भएको छ ।

भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको आयोजना तथा चन्द्रागिरी नगरपालिकाको व्यवस्थापनमा सञ्चालित सो कार्यक्रममा बोल्दै प्रधानमन्त्री पुष्पकमल दाहालले पटकपटकका त्रासदीपूर्ण भूकम्पबाट शिक्षा लिएर भविष्यमा फेरि भूकम्पको पीडा भोग्न नपर्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो ।

देशैभरिका निजी आवास र सरकारी संरचनाको बिमाको व्यवस्था गर्नुपर्छ भन्ने सुझावलाई मनन् गरेर व्यक्तिगत आवासलगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरिसकेको प्रधानमन्त्री दाहालले बताउनुभयो ।

शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक सुरेन्द्र मोहन श्रेष्ठले भवन निर्माण संहिता र परिमार्जित नक्सा पासको नियम लागु भइसकेकोले सोही अनुसारका संरचना निर्माणमा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका कार्यकारी निर्देशक एवं मूल समारोह समितिका सदस्य सचिव सुर्यनारायण श्रेष्ठले भूकम्पीय सुरक्षाका लागि २०७२ सालको भूकम्पबाट सिकिइएका पाठहरूलाई संस्थागत गर्नुपर्ने बताउनुभयो ।

यस्तै संयुक्त राष्ट्रसंघका नेपालस्थित आवासीय प्रतिनिधि हान सिङ्गर ह्यामडीले भूकम्पीय सुरक्षाका लागि स्थानीय स्रोतको परिचालन, प्रचार प्रसार र कृत्रिम घटना अभ्यासहरूलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले भुकम्पीय जोखिम न्यूनीकरण गर्ने संकल्प गर्न यो दिवस मनाइदै आएको र नेपालले मनाउँदै आएको यो दिवसको अन्य मुलुकहरूबाट पनि अनुशरण भइरहेको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीले दिवसका अवसरमा आयोजित चेतनामूलक र्‍यालीमा सहभागिता जनाउनुका साथै कार्यक्रम स्थलमा स्टल राखी भूकम्पलगायतका विपद् व्यवस्थापनका क्षेत्रमा भइरहेका कार्यहरूको जानकारी र प्रदर्शनी गरेको थियो । सो अवसरमा भूकम्पका क्षेत्रमा कार्यरत निकायहरूका साथै स्थानीय संघसंस्थाहरूको सहभागितामा बाजागाजा र झाँकीसहितको जनचेतनामूलक र्‍याली निकालिएको थियो । कार्यक्रम आयोजना स्थलमा नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकहरूले आकस्मिक समयमा गरिने प्राथमिक उपचार सीपको प्रदर्शनी पनि गरेका थिए ।


कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका तर्फबाट उपाध्यक्ष सुरेन्द्र सिंह ऐर, कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठ, सामान्य प्रशासन तथा समन्वय विभागका निर्देशक दिव्यराज पौडेल, जुनियर युवा विभागका निर्देशक धर्मदत्त विडारी सामुदायिक विकास विभागका निर्देशक पुजा कोइरालालगायत केन्द्रीय कार्यालयका कर्मचारीहरू, काठमाडौं जिल्ला शाखाका स्वयंसेवकहरूको सहभागिता रहेको थियो ।

चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरीको अध्यक्षतामा सञ्चालित दिवसको मूल समारोहमा उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, शहरी विकास मन्त्री सीता गुरुङ, स्वास्थ्यमन्त्री मोहन वहादुर वस्नेतलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

२६ औं भूकम्प सुरक्षा दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटीका बिभिन्न जिल्ला शाखाहरूबाट विविध कार्यक्रमहरूको आयोजना गरिएको समाचारहरू प्राप्त भएका छन् ।

नेपाल रेडक्रस सोसाइटीको रौतहट र वाग्लुङ जिल्ला शाखा र कैलालीस्थित चुहा उपशाखाद्वारा विभिन्न सरोकारवालाहरूको सभागितामा भूकम्पीय सुरक्षासम्बन्धी अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस्तै कालीकोट जिल्ला शाखाले प्रभातफेरिका साथै अन्तर्क्रिया र जुम्ला जिल्ला शाखाले र्‍यालीको आयोजना गरी भूकम्प सुरक्षा दिवस मनाएको छ । यसैगरी बाँके जिल्ला शाखाले भूकम्प र प्राथमिक उपचारसम्बन्धी सामग्रीहरूको प्रदर्शनी र वितरण गरी दिवस मनाएको छ ।

यस्तै सुदुरपश्चिमका बझाङ, दार्चुला, बैतडी र बाजुरा जिल्ला शाखाहरूले विभिन्न संस्थाहरूसँग समन्वय गरी भूकम्पीय सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी भूकम्प सुरक्षा दिवस मनाइएको छ ।



# रक्तसञ्चार सेवा




सुनसरी, माघ ३ गते। गैरआवासीय नेपाली संघ (एनआरएनए) ले घुम्ती रक्त संकलन सेवा र ठूला विपद्का समयमा एम्बुलेन्स सेवाको रूपमा सञ्चालन गर्न सकिने बस नेपाल रेडक्रस सोसाइटी सुनसरी जिल्ला शाखालाई एक समारोहका बीच हस्तान्तरण गरेको छ।

कोशी प्रदेशका मुख्य मन्त्री माननीय केदार कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा एनआरएनएका अध्यक्ष डाक्टर बद्री केसी, एनआरएनएका पदाधिकारहरू, सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोज कुमार थापा, माननीय सभासदहरू, रेडक्रसकर्मी, पत्रकार लगायत विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि तथा लब्ध प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

रक्तसञ्चारसम्बन्धी सबै उपकरणहरू जडान गरिएको सो एम्बुलेन्स बस विपद्का ठूला घटनाका धेरै घाइतेहरूलाई एकैसाथ बोक्ने कार्यमा पनि प्रयोग गर्न सकिनेछ। बस भित्रै रक्तदान गर्ने सिट र रगतलाई सुरक्षित राख्ने रेफ्रिजेटरको सुविधा समेत जडान गरिएको छ।




गैरआवासीय नेपाली संघको ७ वटै प्रदेशमा एकएक वटा क्याजुलिटी एम्बुलेन्स बस प्रदान गर्ने परियोजनाअनुसार कोशी प्रदेशको लागि नेपाल रेडक्रस सुनसरी जिल्ला शाखालाई यो बस प्रदान गरिएको हो।

यस्तै, नेपाल रेडक्रस सोसाइटी धादिङ जिल्ला शाखा अन्तर्गतको मैदी उपशाखा र धुवाँकोट उपशाखाद्वारा आयोजित रक्तदान कार्यक्रमहरूबाट १४३ जनाले रक्तदान गर्नुभएको शाखाले जनाएको छ।

## बिरामीको लागि रक्तसञ्चार केन्द्रबाट रगत लिइसकेपछि ध्यान दिनुपर्ने कुराहरू:

- रगत लिइसकेपछि नबिसाइकन तुरून्त अस्पताल पुर्‍याउनुहोस्।
- टाढा लैजानु छ भने आइसबक्स भए आइसबक्स नभए अन्य थर्मसजस्तो भाँडो किन्नु होस् र बरफमा राखेर लैजानुहोस्।
- अस्पताल पुर्‍याउने बित्तिकै रेफ्रिजरेटरमा राख्न अस्पतालका सम्बन्धित कर्मचारीलाई दिनुहोस्।
- तपाईंले लैजानु भएको रगत तुरून्त प्रयोग नभएमा रक्तसञ्चार केन्द्रमा फिर्ता ल्याउनुहोस्।
- रगतको झोललाई नथिच्नुहोस्, जहाँ पायो त्यहाँ नराख्नुहोस्।

## कर्मचारीलाई आर्थिक सहयोग

ललितपुर, माघ ८ गते। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयमा लामो समयदेखि कार्यरत कर्मचारी गोपाल व्यञ्जनकारको शल्यक्रियामार्फत् मृगौला प्रत्यारोपण गर्ने कार्य सफलतापूर्वक सम्पन्न भएको छ।

उहाँको स्वास्थ्य उपचार एवं शल्यक्रियाको लागि नेपाल रेडक्रस सोसाइटी कर्मचारी कल्याण कोष र कर्मचारी संघद्वारा आर्थिक सहयोग उपलब्ध गराउन संयुक्त रूपमा अपील गरिएअनुसार नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवक तथा कर्मचारीहरू एवं केन्द्रीय कार्यालयका तर्फबाट संकलित सहयोग रकम रु. १ लाख ६२ हजार ९ सय ५५ रुपैयाँ कर्मचारी गोपाल व्यञ्जनकारको परिवारलाई हस्तान्तरण गरिएको छ।

उक्त रकमको चेक नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल, कर्मचारी कल्याण कोषका सभापति अमरमणि पौडेल र कर्मचारी संघका अध्यक्ष विष्णुप्रसाद तिमिल्सिना उहाँको नीजि निवास ललितपुर पुगी संयुक्त रूपमा हस्तान्तरण गर्नुभएको छ।



# जाडाको समयमा ध्यान दिनुपर्ने कुराहरू

डा. ओममुर्ति अनिल

मुटुरोग विशेषज्ञ डा. ओममूर्ती अनिलले जाडोयामको समयमा ध्यान दिनुपर्ने कुराहरूको बारेमा दिइएको सुझाव यहाँ प्रस्तुत छ :

जाडोको समयमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको हाम्रो शरीरमा रगत पातलो हुन्छ, त्यसलाई सही सन्तुलनमा ल्याउनको लागि हामीले मनतातो पानीहरू प्रशस्त पिउनुपर्छ । अर्थात् हामीले मुत्र बिसर्जन गर्दा पहेँलो रङको नभई पानीजस्तै सफा आउनुपर्दछ ।

दोस्रो महत्वपूर्ण कुरा भनेको आफूलाई सक्रिय राख्नुपर्दछ, जाडोयाममा हामीले आफूलाई सक्रिय राख्दा शरीरको रोग प्रतिरोधात्मक क्षमता बढ्छ । जाडोयाममा प्रायःमानिसहरू जाडो भयो भनेर एकैठाउँमा बसिराख्ने वा निष्क्रिय भएर बस्ने गर्छन्, जसले गर्दा रोग प्रतिरोधात्मक क्षमता कमजोर भई चिसो लाग्ने, रुघाखोकी लगायत अन्य थुप्रै रोगहरू लाग्ने गर्दछ ।

तेस्रो कुरा मुटु रोग, मधुमेह, कोलेस्टोरल, ब्लड प्रेसरजस्ता दीर्घ रोगहरूको औषधि सेवन गरिराख्नु भएको छ भने नियमित रूपमा सेवन गर्नुपर्छ। किनभने जाडो मौसममा मुटु, फोक्सो लगायत शरीरका अन्य भागहरूमा बढी दबाब हुन्छ, त्यसैले यदि नियमित औषधि सेवन गर्दै आइरहनु भएको छ भने त्यो दबाबलाई केही हदसम्म नियन्त्रणमा राख्न वा कम गर्नको लागि औषधि सेवन गर्नैपर्ने हुन्छ । यदि नियमित औषधि सेवन नगरेको अवस्थामा, मुटु, फोक्सो लगायत विभिन्न अंगहरूमा दबाब बढ्ने भएकोले हृदयघात, उच्च रक्तचापजस्ता समस्याहरू उत्पन्न भई दुर्घटना समेत हुन सक्दछ ।

अर्को, हामीले जाडो मौसममा गर्न नहुने सबैभन्दा महत्वपूर्ण कुराहरूमा मदिरा र धुम्रपान सेवन गर्नुहुँदैन किनभने मदिरा र धुम्रपान दुवैले मस्तिष्क आक्रमण र हृदयघातको जोखिम बढाउँछ । अर्को जाडोमा कुनै प्रकारको नयाँ व्यायामहरू गर्नुहुँदैन । यदि जाडोयाममा मात्र नभइकन पहिलेदेखि नै व्यायामहरू गर्दै आइरहनु भएको छ र जाडोमा पनि व्यायामहरू गर्नुहुन्छ भने त्यसले केही पनि असर गर्दैन तर जाडोमा मात्र दौडिने, ब्याडमिन्टन खेल्ने, व्यायाम गर्ने गर्दा शरीरमा अझ धेरै दबाब पर्ने हुँदा विभिन्न समस्या देखा पर्ने सम्भावना बढी हुने गर्दछ । त्यस्तै बिहान र साँझको समयमा हिँडडुल गर्ने बानी छ भने त्यसलाई पनि कम गर्नुपर्दछ । विशेषगरी साझँको समयमा हावा धेरै चल्ने हुँदा चिसोको असर शरीर मा अझ धेरै हुन्छ जसले श्वासप्रश्वासमा पनि समस्या ल्याउने गर्दछ ।

जाडोको समयमा वृद्धवृद्धाहरूलाई रुघाखोकीको संक्रमणबाट बचाउनुपर्दछ, जाडोको समयमा दमको रोगीहरूको मृत्यु हृदयघातको कारणले बढी हुने गर्दछ । यस समयमा मुटु रोग, मधुमेह, कोलेस्ट्रोल, ब्लड प्रेसर र सुगरको नियमित चेकजाँच गराईराख्नुपर्दछ । बाहिर हिँड्दाखरि मास्क वा गलबन्दीहरू लाएर हिँड्नुपर्दछ । किनभने हामीले नाकले श्वास फेर्दा चिसो हावा शरीरभित्र प्रत्यक्ष प्रवेश गर्न पाउँदैन । अर्को हामीले लगाउने लुगामा पनि मोटो लुगा लगाउने हो कि दुई-तीन वटा लुगा लगाउने भन्ने विषयमा मोटो एउटा लुगा लगाउनु भन्दा दुई-तीन वटा लुगा लगाउनाले चिसोबाट बच्न सकिन्छ भन्ने वैज्ञानिक तथ्य रहेकोछ । खानेकुरामा चाहिँ हामीले पोषणयुक्त, प्रोटीनयुक्त खानेकुराका साथै फलफूलहरू खाएमा यसले चिसोबाट बच्न सकिन्छ ।

# गण्डकी प्रदेशस्तरीय व्यवहार परिवर्तन सञ्चार प्रशिक्षण सम्पन्न






कास्की, माघ १९ गते । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको आयोजनामा गण्डकी प्रदेश र प्रदेश अन्तर्गतका जिल्ला शाखाका स्वयंसेवक र कर्मचारीहरूको लागि व्यवहार परिवर्तन सञ्चारसम्बन्धी चार दिने प्रशिक्षक प्रशिक्षण (Behaviour Change Communication ToT) कास्कीको पोखरामा सम्पन्न भएको छ ।

सो प्रशिक्षणको शुभारम्भ कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापाले रेडक्रसमा आवद्ध स्वयंसेवक र कर्मचारीहरूले आफ्नो व्यवहार परिवर्तन गर्न नसके संस्थामा अपेक्षित परिणाम प्राप्त गर्न कठिन हुने बताउँदै व्यवहार परिवर्तन सञ्चार प्रशिक्षणबाट संगठनभित्र र समुदायको व्यवहार परिवर्तनमा महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो । उहाँले नेपाल रेडक्रस सोसाइटीको नेतृत्व तह संस्था दर्ता नवीकरण पश्चात सर्वस्वीकार्य विधान परिमार्जन गरी सबैको साझा रेडक्रस बनाउने कार्यमा लागिपरेको बताउनुभयो ।

सोही कार्यक्रममा बोल्दै केन्द्रीय मानवीय मूल्य प्रवर्द्धन तथा सञ्चार समितिका संयोजक उत्तम जोशीले सात वटै प्रदेशहरूलाई लक्षित् गरी यस्ता प्रशिक्षणहरू सञ्चालन गरिएको बताउँदै रेडक्रसका स्वयंसेवक र कर्मचारीहरूले आफ्नो व्यवहार परिवर्तन गरेर मात्र संस्थाले दिने सेवालाई प्रभाकारी बनाउन सकिने बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेश कार्यालयका अध्यक्ष सूर्यप्रसाद ढकालले प्रशिक्षणबाट रेडक्रसकर्मीले आफ्नो व्यवहारमा परिवर्तन गरी सेवाग्राहीको व्यवहारमा समेत परिवर्तन ल्याउन महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो ।

प्रशिक्षण शुभारम्भ कार्यक्रमका सञ्चालक एवं रेडक्रस गण्डकी प्रदेशका महासचिव रामदत्त पौडेल, बाग्लुङ जिल्ला शाखाका सभापति जगन्नाथ आचार्य, कास्की जिल्ला शाखाका मन्त्री सुरेन्द्र गुरुङले व्यवहार परिवर्तन सञ्चारको महत्वमाथि प्रकाश पार्नु भएको थियो ।

प्रशिक्षणको उद्देश्यमाथि प्रकाश पार्दै नेपाल रेडक्रस सोसाइटी मानवीय मूल्य प्रवर्द्धन तथा सञ्चार विभागका निर्देशक विपुल न्यौपानले व्यवहार परिवर्तन सञ्चार निर्देशिकामा भएका विषय बस्तुहरूका बारेमा जानकारी गराउने र रेडक्रसका गतिविधिहरूमा यसको कार्यान्वयन गर्न सहयोग पुर्‍याउने उद्देश्यका साथ प्रशिक्षण सञ्चालन गरिएको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीको व्यवहार परिवर्तन सञ्चार निर्देशिकाको परिचय र अवधारणा, व्यवहार परिवर्तन सञ्चारका फ्रेमवर्कहरू, मोडेलहरू, सिद्धान्त, चरण, औजार, पैरवी, माइक्रो टिचिङसम्बन्धी सीप, सामुदायिक संलग्नता र पारदर्शिता, पीजीआई लगायतका विषयहरूमा प्रशिक्षित गराइएको सो प्रशिक्षणको समापन अवसरमा सफलतापूर्वक प्रशिक्षण सम्पन्न गर्ने २२ जना सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । प्रशिक्षणमा केन्द्रीय कार्यालयका निर्देशक बिपुल न्यौपाने, उपनिर्देशक अमरमणि पौडेल, सीइए संयोजक सरिता ढुंगाना र पीएमईआर संयोजक प्रज्ञा गौतमले सहजीकरण गर्नुभएको थियो ।

समापन अवसरमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय मानवीय मूल्य प्रवर्द्धन तथा सञ्चार समितिका संयोजक उत्तम जोशी, केन्द्रीय सदस्य दिनेश अर्याल, गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकाल, बाग्लुङ शाखाका सभापति जगन्नाथ आचार्य, कास्की शाखाका उपसभापति उर्मिला खड्का, मानवीय मूल्य प्रवर्द्धन तथा सञ्चार विभागका निर्देशक विपुल न्यौपाने उपस्थित हुनुहुन्थ्यो ।

नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गर्ने सेवा तथा विकासमूलक गतिविधिका लक्षित् समूहको सक्रिय सहभागितामा व्यक्ति, परिवार र समुदायले अवलम्बन गरेका जोखिमपूर्ण व्यवहारहरू परिवर्तन गर्नु नै व्यवहार परिवर्तन सञ्चार (BCC) हो । यसले लक्षित् समूहको ज्ञान, सीप, धारणा तथा अभ्यासहरूमा परिवर्तन गरी मानिसको जीवनशैलीमा सुधार ल्याउन र जोखिम कम गर्न मद्दत गर्दछ ।

# नेपाल रेडक्रस सोसाइटी

## केन्द्रीय कार्यालय

### प्रेस विज्ञप्ति

मिति : २०८०/१०/२३

अन्तर्राष्ट्रिय रेडक्रसद्वारा नेपाल रेडक्रसको मान्यता सम्बन्धमा विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारप्रति नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को गम्भीर ध्यानाकर्षण भएको छ । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघको सदस्यता र अन्तर्राष्ट्रिय मान्यता नेरेसोले ६० वर्ष पहिले नै प्राप्त गरेको छ र पछिल्लो समयमा यस सम्बन्धमा समाचारमा भनिए बमोजिम थप कुनै निर्णय नभएको र फेरबदल नभएको व्यहोरा जानकारी गराउँदछौं ।

नेपाल रेडक्रस सोसाइटी रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघको सदस्य सोसाइटी रहेको र नेपालको कानुनअनुसार दर्ता भई मानवीय सेवा गतिविधिमा देशभरी संलग्न छ। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको विधिसम्मत निर्वाचन २०८० साउन २ गते सम्पन्न भई प्राध्यापक सुदर्शनप्रसाद नेपालको नेतृत्वमा निर्वाचित समितिले नेरेसोको नियमित गतिविधि गर्दै आइरहेको छ। सोसाइटीले आफ्नो सबै बैधानिक दायित्व पूरा गर्ने सन्दर्भमा लेखापरीक्षण, वार्षिक साधारण सभा, समाजकल्याण परिषद्को आवद्धता नवीकरण, वैदेशिक सहायताको स्वीकृति, स्थानीय तहको सिफारिस र संस्था नवीकरणको लागि पूरा गर्नुपर्ने सबै कानुनी प्रकृया पूरा गरी संस्था दर्ता नवीकरण भइसकेको अवस्थाले संस्थाको बैधानिक गतिरोध अन्त्य भई नेपाल रेडक्रसको अर्को छुट्टै कुनै केन्द्रीय कार्यसमिति नरहेको समेत पुष्टि गर्दछ ।

रेडक्रसका अन्तर्राष्ट्रिय वैधानिक सभा सम्मेलनहरूमा नेपाल रेडक्रस सोसाइटीको बर्तमान नेतृत्वलाई निमन्त्रणा प्राप्त भई अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालको नेतृत्वमा प्रतिनिधित्व हुँदै अन्तर्राष्ट्रिय सम्बन्धलाई थप सुदृढ गरी साझेदारी बृद्धि भइरहेको छ । नेरेसोले आफ्नो दुई वर्षे विशेष प्राथमिकता र कार्ययोजना निर्धारण गरी संस्थाको विधानमा समसामयिक संशोधन, रेडक्रस कानुन तर्जुमाको लागि आवश्यक पहल र संस्थागत सुशासन अभिवृद्धिसहित प्रभावकारी रुपमा मानवीय सेवाकासाथै नियमित गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ ।

विगत २ वर्षदेखि नेपालस्थित अन्तर्राष्ट्रिय महासंघ र साझेदार राष्ट्रिय सोसाइटीबाट नेपाल रेडक्रसलाई सहयोग उपलब्ध गराउन अङ्गिकार गरेको अस्थायी कार्यसञ्चालन पद्धतिमा समीक्षा गर्न नेरेसोको वर्तमान नेतृत्वले विभिन्न चरणमा छलफल गरिरहेको अवस्था छ । रेडक्रसको अन्तर्राष्ट्रिय महासंघको कार्यालयले नेपाल रेडक्रस सोसाइटीको मान्यता, आवद्धता सम्बन्धी विषय आफ्नो कार्य क्षेत्रभित्र नपर्ने नेरेसोलाई स्पष्ट पारेको व्यहोरा पनि अनुरोध गर्न चाहन्छौं ।

अन्त्यमा, नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय रेडक्रस अभियानका अंगका विषयमा सम्बन्धित कार्यालयसँग सम्पर्क नगरी समाचार आएको र जनमानसमा भ्रम सिर्जना गरिएकोमा हामी दु:ख व्यक्त गर्दछौं र यस्ता विषयहरूमा समाचार प्रकाशन गर्दा संस्थामा सम्पर्क गरी सत्यतथ्य समाचार प्रकाशन तथा प्रसारण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । नेरेसो रेडक्रस अभियानका आधारभूत सिद्धान्त र मान्यताप्रति सदैव दृढ प्रतिवद्ध रहेको सवैमा जानकारी गराउन चाहन्छौं । साथै, तथ्यहीन समाचारको भ्रममा नपर्नहुन हामी आम जनमानसमा हार्दिक अनुरोध गर्दछौं ।

**भूपतिलाल श्रेष्ठ**
**महामन्त्री**

# जुनियर युवा गतिविधि

## स्टेशनरी र खेलकुद सामग्री वितरण

युवा रेडक्रस सर्कल नेपाल कमर्स क्याम्पसले गोरखा जिल्लाको ३ विद्यालयका करीब १ सय ७५ विद्यार्थीहरूलाई स्टेशनरी र खेलकुद सामग्री वितरण गरेको छ । श्री मण्डली आधारभूत विद्यालय, श्री बागेश्वरी आधारभूत विद्यालय र श्री थलीबारी आधारभूत विद्यालयका विद्यार्थीहरूलाई सहयोग गरिएको हो । शैक्षिक सामग्रीहरू, स्कुल ब्याग, खेलकुदका सामाग्रीहरू र न्यानो टोपी र मोजा वितरण गरिएको युवा रेडक्रस सर्कल नेपाल कर्मस क्याम्पसले जनाएको छ ।

## भलिबल प्रतियोगिता सञ्चालन

माघ ६ गते । नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको आयोजना एवं युवा रेडक्रस सर्कल नाटेश्वर माबि टौखेलको आतिथ्ता एवं व्यवस्थापनमा जिल्ला स्तरीय रनिङ्ग शिल्ड शिक्षक भलिबल प्रतियोगिता सञ्चालन भएको छ ।

नेपाल रेडक्रस सोसाइटी, मकवानपुरका उपमन्त्री एवं जिल्ला जुनियर युवा सामितिको संयोजक शिबहरि दाहालको अध्यक्षता एवं नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य एवं केन्द्रीय जुनियर युवा सामितिको संयोजक बिष्णुराज नेपालको प्रमुख आतिथ्यमा उक्त तीन दिने प्रतियोगिताको उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो ।

सो कार्यक्रममा नेरेसो मकवानपुर जिल्ला शाखाका सभापति लालबहादुर थापा, मन्त्री सुमित्रा काफ्ले, नेपाल रेडक्रस सोसाइटी जुनियर युवा बिभागका निर्देशक धर्मदत्त बिडारी, नाटेश्वर माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिबहादुर गोपाली, प्रधानाध्यापक धर्मेन्द्र अर्याल, थाहा नगरपालिका १२ का वडा अध्यक्ष टिकाराम स्याङ्तान लगायतको उपस्थिति रहेको थियो ।

## बिद्यालय पोशाक वितरण

वाग्लुङ । नेपाल रेडक्रस सोसाइटी मालिका उपशाखाको साधारण सभा तथा न्यानो पोशाक वितरण कार्यक्रम सम्पन्न भएको छ। सो कार्यक्रममा वाग्लुङ नगरपालिका ५ स्थित मालिका मा.बि. मा अध्ययनरत ३० जना विद्यार्थीहरूलाई विद्यालय पोशाक र विभिन्न विद्यालयहरूलाई माक्स वितरण गरिएको थियो । कार्यक्रममा न्यानो पोशाक सौजन्य गर्नु हुने रेडक्रसका विशिष्ट सदस्य रबिलाल रेग्मी र जमुना गौतम कंडेललाई मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो ।